म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्ध प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१६ अङ्क:- ८७ २०८१ फागुन १ गते बिहिबार 13 February 2025, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

**सडकको संरक्षण गरौं**

- सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,

त्यसैले,

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामाग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागमनमा बाधा नपुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती प्रदेशका ९ वटा स्थानीय तह बालमैत्री घोषणा

# आज दशौं पालिकाको रुपमा हेटौंडा बालमैत्री घोषणा हुँदै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा हालसम्म ९ वटा स्थानीय तह बालमैत्री घोषणा भएका छन् । देशभर २४ स्थानीय तह बालमैत्री घोषणा हुँदा घोषणामा मात्र सीमित भएको आवाज उठ्ने गरेको छ । आज बागमती प्रदेशको दशौं बालमैत्री पालिकाको रुपमा हेटौंडा उपमहानगर पालिकालाई बालमैत्री पालिका घोषणा गरिँदैछ ।

सरकारले बालमैत्री स्थानीय वडा तथा तह घोषणाको योजना बनाए पनि समयमै स्थानीय तहलाई बालमैत्री घोषणा गर्न सकिएको छैन । कतिपय जनप्रतिनिधिले चुनावी एजेण्डा बनाएर घोषणाका लागि मात्र बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरेपछि अभियानलाई प्रभावकारी बनाउन बागमती प्रदेशमा अनुगमन समिति गठन गरिएको छ । आर्थिक वर्ष २०७४/७५ मा २ वटा नगरपालिका, १० वटा गाउँपालिका र एक सय ८ वटा वडा बालमैत्री घोषणा गर्ने लक्ष्यसहित अभियान सुरु भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा ६० नगरपालिका, एक सय गाउँपालिका र एक हजार ४ सय ३२ वडा तथा आर्थिक वर्ष २०८१/८२ मा एक सय ३० नगरपालिका, २ सय गाउँपालिका र २ हजार ९ सय ५५ वडा बालमैत्री घोषणा गर्ने लक्ष्य निर्धारण गरिए पनि उपलब्धि ज्यादै न्यून रहेको छ । आर्थिक वर्ष २०८७/८८ सम्म देशका सबै ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २ सय ९३ नगर पालिका र ४ सय ६० गाउँपालिकालाई नै बालमैत्री घोषणा गर्ने लक्ष्य रहेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रेशम कँडेलले बालमैत्री स्थानीय शासनको आवधारणाबारे सहजीकरण गर्नुहुँदै गरिरहेका कामलाई व्यवस्थित र देख्ने गरी तथ्यांक राख्न उक्त अभियान थालेको जानकारी दिनुभयो । कतिपय सूचक वृहत र मापन गर्न नसक्ने खालको रहेको र सामाजिक क्षेत्रका सूचक हासिल गर्न धेरै कठिन रहेको उहाँको भनाइ छ । आफैंमा सूचक पूर्णता नभएको र अस्पष्टता रहेको उहाँको बुझाइ छ । कतिपय स्थानीय तहले अनुगमन नगरी प्रदेश सरकारबाट रातारात सिफारिस लिएर बालमैत्री स्थानीय तह घोषणा गरेपछि अनुगमन समिति बनाएर अभिमुखीकरण कार्यक्रम गर्न सरकार बाध्य भएको सचिव कँडेलले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिका महिला, बालबालिका तथा समावेशीकरण महाशाखाकी निर्देशक विष्णुकुमारी लामिछानेले बालमैत्री स्थानीय तह

...बाँकी पृष्ठ ३ मा

# जलवायु परिवर्तनका कारण नेपालले ठूलो क्षति व्यहोरिरहेको छ : मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले जलवायु परिवर्तनका कारण नेपालले ठूलो क्षति व्यहोरिरहेको बताउनुभएको छ । उहाँले पछिल्लो समय बढिरहेको जलवायु परिवर्तनको उच्च जोखिम नेपालमा परिरहेको बताउनुभयो ।

दुवईमा आयोजित विश्व सरकार सम्मेलन-२०२५ को 'भविष्यको सरकारलाई सवल बनाउने' विषयमा मन्त्रीस्तरिय गोलमेचमा 'प्रभावशाली सरकार र संकटको पुनरुत्थान' सत्रको छलफलमा भाग लिनुहुँदै मुख्यमन्त्री लामाले जलवायु परिवर्तनका कारण निम्तिएको विपत्तीबाट राज्यले आफ्नो प्रगतिको लक्ष्यमा ठूलो क्षति व्यहोर्नु परिरहेको बताउनुभयो । त्यसको उदाहरणको रुपमा उहाँले गत असोजमा भएको अविरल वर्षाबाट निम्तिएको विपद्लाई प्रस्तुत गर्नुभएको छ ।

'जलवायू परिवर्तनका कारण गत समेप्टेम्बर (असोज)मा बागमती प्रदेशमा भएको अत्याधिक वर्षाका कारणले ठूलो क्षति व्यहोर्नु परेको छ । जसका कारणले हामीले ठूलो जनधनको क्षति व्यहोर्नु पर्‍यो', छलफलमा मुख्यमन्त्री लामाले भन्नुभयो, 'राष्ट्रिय राजमार्गहरु भग्नावशेष भएका छन् भने जनताको घर आवास तथा सामुदायिक संरचनाहरु क्षतविक्षत भएका छन् । यसबाट हाल कायम भौतिक पूर्वाधार गुमाउन पुग्यौं भने यसको पुनःनिर्माणमा राज्यको बजेटको ठूलो हिस्सा खर्चनु पर्ने अवस्था छ ।'

उहाँका अनुसार उक्त विपद्को घटनाबाट योजनागत रुपमा तयार गरेको लक्ष्यमा पुग्न हामीलाई ठूलो अवरोध सिर्जना भएको छ भने हाल संचालनमा रहेका योजना तथा कार्यक्रम कार्यान्वयनमा समेत चुनौति सिर्जना भएको छ । संसारकै उच्च शिखर सगरमाथा रहेको देश नेपाल जलवायू परिवर्तनका कारणबाट नियमित प्रभावित भइरहेको उहाँले बताउनुभयो । हरेक वर्ष मनसुनी वर्षाबाट ठूलो क्षति व्यहोर्नु परिरहेको र क्षतिको परिणाम क्रमशः बढ्दै गइरहेको उहाँको भनाई छ । उच्च सहरीकरणको जोखिम तथा अन्य भूकम्पजन्य प्राकृतिक विपत्तले पनि थप समस्या ल्याएको उहाँले बताउनुभयो ।

उक्त समस्या समाधानका लागि संघीय शासन प्रणाली अनुसार बागमती प्रदेश सरकार अग्रसर भइरहेको र यसमा सम्पूर्ण पक्षबाट प्राविधिक तथा आर्थिक सहायताको अपेक्षा रहेको उहाँले बताउनुभयो । नेपालमा जलवायू अनुकुलन राष्ट्रिय योजना तयार गरी लागु गरिएको छ भने राष्ट्रिय जलवायु परिवर्तन नीति २०१९ कार्यान्वयनको चरणमा रहेको उहाँले जानकारी गराउनुभयो ।

जलवायू परिवर्तनले निम्त्याउको समस्याको सामना गर्नका लागि नेपाल आफ्नै पहलबाट मात्रै सम्भव नरहेकाले विश्व समुदायलाई साझेदारीको पक्षमा रहेको उहाँको भनाई छ । उक्त समस्या विरुद्ध लड्न नेपालले राष्ट्रिय तथा प्रदेश स्तरमा यस विषयमा लड्न रेड कार्यान्वयन केन्द्र तथा जलवायू परिषद् लगायतका संरचनाहरु समेत विकास गरेको उहाँले स्पष्ट पार्नुभयो । जलवायू परिवर्तनको दरलाई कम गर्न र समस्याहरु सामना गर्नका लागि साझा धारणासहित विश्वव्यापी रुपमै सहयोग जुटाउनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।

# मकवानपुरका प्रजिअको सरुवा

समाज संवाददाता

हेटौंडा : मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तीर्थराज चिलुवालको सरुवा भएको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रजिअ चिलुवालको सरुवा गरेको हो ।

चिलुवाललाई अर्थ मन्त्रालयमा सरुवा गरिएको छ भने मकवानपुरका लागि प्रजिअ तोकिएको छैन । ८ महिनामै प्रजिअ चिलुवाल अर्थ मन्त्रालय सरुवा हुनुभएको हो । उहाँले गत जेठ २३ गतेदेखि मकवानपुरको प्रजिअको जिम्मेवारी सम्हाल्नुभएको थियो । जेठ १६ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार उहाँ मकवानपुरको प्रजिअको जिम्मेवारीमा आउनुभएको थियो ।

# एकैदिन मकवानपुरबाट लागूऔषधसहित ७ जना पक्राउ








समाज संवाददाता

हेटौंडा : मकवानपुर प्रहरीले मंगलबार एकैदिन लागूऔषधसहित ७ जनालाई पक्राउ गरेको छ । मंगलबार साँझ ६ बजेको समयमा मकवानपुरको राक्सिराङ गाउँपालिका-५, बोटबारीमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले पैदलयात्रीहरुको साथबाट लागूऔषध अफिम बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले बारा जिल्लाको कलैया नगर पालिका-४ का १८ वर्षीय दीपक साह र सिम्रनगढ नगरपालिका-१ का १९ वर्षीय शशी मुखियाको साथबाट अफिम बरामद गरेको जनाएको छ । प्रहरीले उनीहरुले बोकेको कालो झोला भित्र प्लाष्टिकले बेरेको अवस्थामा २ किलो १४० ग्राम लागूऔषध अफिम बरामद भएको प्रहरीले जानकारी दिएको छ । लागुऔषधसहित दुबै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय मनहरीबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मंगलबार नै साँझ ६ बजेर ३० मिनेटको समयमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मकवानपुरको राक्सिराङ गाउँपालिका-५, बोटबारीबाट मनहरीतर्फ जाँदै गरेको बा प्र ०३-००५ प ९९२२ नम्बरको मोटरसाइकललाई रोकेर सुरक्षाजाँच गर्दा लागूऔषध गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीले मनहरी गाउँपालिका-७ का २४ वर्षीय रबिन तामाङ र २४ वर्षीय बलराम थिङलाई पक्राउ गरेको छ । प्रहरीले उनिहरुको साथबाट ३ किलो २०० ग्राम लागूऔषध गाँजा बरामद गरेको जनाएको छ । लागूऔषध गाँजासहित दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै मकवानपुर प्रहरीले लागूऔषध खैरो हेरोईनसहित ३ जनालाई पक्राउ गरेको छ । मंगलबार साँझ ६ बजेर ३० मिनेटको समयमा विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले हेटौंडा-१, झोलुङ्गे पुल नजिकै रहेको चिया पसलबाट लागूऔषध खैरो हेरोईनसहित ३ जना पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले मकवानपुरगढी गाउँपालिका-४, सामरीका ३९ वर्षीय सुबि गुरुङ, नवलपरासी जिल्लाको पश्चिम सुस्ता गाउँपालिका-३ घर भई हाल मकवानपुरगढी गाउँपालिका-५ मा रहेको चुन उद्योगमा कार्यरत ३४ वर्षीय सुरज कुमार पाण्डे र हेटौंडा-१, चौकीटोलका ३४ वर्षीय नवराज भट्टलाई पक्राउ गरेको जनाएको छ । प्रहरीले उनीहरुको साथबाट ४ ग्राम २३० मिलिग्राम खैरो हेरोईन बरामद गरेको छ । यसअघि सोमबार पनि मकवानपुर प्रहरीले लागूऔषध खैरो हेरोईनसहित हेटौंडा-१ चौकीटोलबाट एकजनालाई पक्राउ गरेको थियो ।




|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल

Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागनु २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।

सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

स्थान : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

## सम्पादकीय

# ठूला माछा पक्रन चुनौती

नेपाल अधिराज्यको संविधान २०४७ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संवैधानिक निकायको रुपमा व्यवस्था गरेपछि २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन भएको थियो । नेपालको संविधान २०१९ को दोश्रो संशोधन २०३२ ले अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था गरेपछि आयोग गठन भए पनि २०४७ को संविधानले आयोगलाई संवैधानिक अंगको रुपमा स्वीकार गरेको थियो । २०४७ सालको संविधानको धारा ९७ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य अथवा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न संवैधानिक निकायको रुपमा आयोग गठन भएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना भएको दिनको सम्झनामा आयोगले प्रत्येक वर्ष माघ २८ गते आफ्नो स्थापना दिवस मनाउँदै आएको छ ।

संविधानले नै स्वायत्त अधिकार दिएको भए पनि पछिल्लो समय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पदाधिकारी नियुक्तिमा राजनीतिक भागबण्डा लगाउने गरेका कारण आयोगको प्रभावकारिता कमजोर बनिरहेको छ । आयोगले सानातिना भ्रष्टाचारीलाई मात्र कारबाही गर्ने गरेको र ठूला भ्रष्टाचारीलाई केही गर्न नसकेको आरोप लागिरहेको बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले पनि आयोगले सबै प्रकारका भ्रष्टाचारमा संलग्न ठूला माछा पक्राउ गर्नुपर्ने बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं वार्षिकोत्सवको अवसरमा सोमबार हेटौंडास्थित आयोगको कार्यालयमा आयोजित सभालाई सम्बोधन गर्दै उनले साना भ्रष्टाचारका घटनालाई छानविन र कारवाही गरी मुद्दाको संख्यामात्र बढाउने नभई ठूला र सबै प्रकारका भ्रष्टाचारी माछाहरु समात्न सक्नुपर्ने बताएका हुन् । बेइमानीका विरुद्धको कदम चाल्ने विषयमा खु । नकमाउन प्रदेश प्रमुख देवकोटाले अख्तियारलाई आग्रह गरे पनि ठूला र संगठित भ्रष्टाचारीलाई कारबाही गर्न सजिलो भने छैन । प्रायः कुनै न कुनै राजनीतिक दलको संरक्षणमा रहने त्यस्ता भ्रष्टाचारीलाई अख्तियारले कारबाही गर्न चुनौतीपूर्ण नै हुने गरेको छ ।

भ्रष्टाचार जघन्य अपराध हो । सबै प्रकारका भ्रष्टाचार अन्त्य नहुँदा सम्म देशको विकास र समृद्धि सम्भव छैन । यसका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सूक्ष्म अनुसन्धान गरी निष्पक्षरुपमा कारबाही प्रक्रिया अघि बढाउन सक्नुपर्छ । तर, अहिलेको संरचना र साधन स्रोतबाट अख्तियारलाई भ्रष्टाचारको अनुसन्धान गर्न सजिलो पनि छैन । दिनहुँ आयोगमा प्राप्त हुने उजुरीका चाङले बोझ थपिरहेको छ । आयोगमा दैनिक एक सयभन्दा बढी उजुरी पर्ने गरेका कारण त्यस्ता खुद्रा उजुरीको छानविन र अनुसन्धानमै आयोग रुमल्लिइरहेको छ । सानातिना भ्रष्टाचारका उजुरीको अनुसन्धान गरेर संख्यात्मक उपलब्धी देखिए पनि यसले ठूला भ्रष्टाचारको अनुसन्धानलाई ओझेलमा पार्ने गरेको छ । ठूला तथा संगठित भ्रष्टाचारका मुद्दाको अनुसन्धान गर्न अख्तियार हिचकिचाउने गरेको आरोप लाग्ने गरेको अवस्थामा सरकारको हस्तक्षेप तथा असहयोग हुनुले पनि ठूला भ्रष्टाचारका मुद्दामा अनुसन्धान र कारबाही प्रभावकारी बन्न सकेको छैन ।

हरेक सार्वजनिक पद धारण गरेका व्यक्तिले आफ्नो अधिकारको प्रयोग गर्दा इमान्दारिता, पारदर्शिता र जवाफदेहितालाई बिर्सनु हुँदैन । सुशासनको पर्याय मानिने पारदर्शिता र जवाफदेहिताको अभावकै कारण भ्रष्टाचार र अनियमितता बढ्ने हो । हरेक व्यक्तिले निर्धारित नीति, नियम, विधि र प्रक्रियाभित्र रहेर इमान्दारिताका साथ काम गर्ने हो भने भ्रष्टाचार हुन सक्दैन । भ्रष्टाचार अन्त्यका लागि राज्यका उपल्लो तहदेखि तल्लो तहसम्म सबै पारदर्शी, जवाफदेही र इमान्दार बन्नुपर्छ । आफ्नो अधिकारको दुरुपयोग गरेर भ्रष्टाचार गर्ने जोकोहीलाई अख्तियारले निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्न सक्नुपर्छ । भ्रष्टाचारीलाई कसैले पनि संरक्षण गर्नु हुँदैन । सानातिना भ्रष्टाचारको उजुरीमा सिमित नरहेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सबै प्रकारका चुनौती सामना गर्दै ठूला माछा पक्रन दृढताका साथ लाग्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : कला साहित्यका काममा रुची बढ्ने समय छ ।
**वृष** : विजय र सफलता प्राप्त गर्न सकिने योग छ ।
**मिथुन** : धार्मिक कृत्यबाट लाभ प्राप्त हुने समय योग छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ ।
**सिंह** : अध्ययन–अध्यापनका काममा सरिक भइने समय छ ।
**कन्या** : जनसम्पर्कको दायरा बढ्ने समय योग छ ।
**तुला** : धार्मिक कृत्यबाट लाभ प्राप्त हुने योग छ ।
**वृश्चिक** : उपहार र प्रशंसा प्राप्त हुने समय योग छ ।
**धनु** : अध्यापन र दीक्षाका काममा मन जाने योग छ ।
**मकर** : धार्मिक एवम् सामाजिक कामबाट लाभ प्राप्त होला ।
**कुम्भ** : आफन्तको व्यवहार देखि दिक्क लाग्ने समय योग छ ।
**मीन** : रोकिएका कामहरु बन्ने समय योग रहेको छ ।

# यसरी गर्नुहोस् एसईईको तयारी



✍सीएम रिमाल

२०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) नजिकिंदै छ । परीक्षा नियन्त्रण कार्यालयले एसईई परीक्षा आगामी चैत ७ गतेदेखि हुने गरी तालिका नै सार्वजनिक गरिसकेको छ ।

एसईई विद्यार्थीका लागि एक महत्वपूर्ण परीक्षा हो, जसले भविष्य निर्माण गर्न शैक्षिक र व्यावसायिक मार्गनिर्देशनमा ठूलो भूमिका खेल्छ । यो परीक्षा विद्यार्थीको कठिन परिश्रम र आत्मविश्वासको पनि परीक्षा हो । यसमा सफलता प्राप्त गर्न कसरी तयारी गर्ने, कुन-कुन विषयमा के-कसरी ध्यान दिने भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

### योजना बनाउनुहोस्

एसईई तयारीको पहिलो कदम भनेको सटिक योजना बनाउनु हो । विद्यार्थीलाई आफ्नो समयको सदुपयोग गर्नका लागि समय तालिका बनाउनु अत्यन्त आवश्यक हुन्छ । यस तालिकामा सबै विषयहरुको अध्ययनको समय छुट्याउनुपर्छ र प्रत्येक विषयका लागि पर्याप्त समय दिनुपर्छ । उदाहरणका लागि, गणित र विज्ञान जस्ता कठिन विषयहरुका लागि थप समय दिनु महत्वपूर्ण हुन्छ । अन्य सामान्य विषयहरुका लागि कम समय तोक्न सकिन्छ । समय तालिका बनाउँदा, हप्तामा दुई दिन केही समय आराम गर्नका लागि छुट्याउनु उपयुक्त हुन्छ ताकि मानसिक थकानबाट बच्न सकियोस् ।

### सबै विषयमा समान ध्यान दिनुहोस्

एसईई परीक्षा अनेकौं विषयको समायोजन हो । सबै विषयमा ध्यान दिनु महत्वपूर्ण हुन्छ । कक्षा १० का विद्यार्थीले सबै विषयको आधारभूत ज्ञान बनाइराख्नु आवश्यक हुन्छ । यदि केही विषयमा कमजोर महसुस गरिएको छ भने त्यसको बारेमा थप अभ्यास गर्नुपर्छ । उदाहरणका लागि गणित र विज्ञान विषय प्रायः विद्यार्थीका लागि चुनौतीपूर्ण हुने गर्छन् । त्यसैले यी विषयहरुमा ध्यान दिनुपर्छ र तयारीमा समय बढाउनुपर्छ ।

अध्ययन र मिहिनेतको परिणाम केवल सिद्धान्तमा मात्र रहँदैन । यो त व्यावहारिक पाटो पनि हो । अभ्यासको पनि महत्वपूर्ण भूमिका हुन्छ । पुराना एसईई प्रश्नपत्रहरुको अभ्यास गर्नुपर्छ । यसले तपाईंको तयारीलाई बलियो बनाउँछ । परीक्षा पद्धतिका बारेमा पनि राम्रो ज्ञान दिन्छ । पुराना प्रश्नपत्रहरूको अभ्यास गर्दा प्रश्नको प्रकार र कठिनाइको स्तर बुझ्न सकिन्छ, जसले तपाईंलाई वास्तविक परीक्षा दिन सजिलो हुनेछ । साथै समय व्यवस्थापनमा पनि सुधार हुनेछ, जसबाट समयको सीमामा प्रश्नहरु पूरा गर्न सकिन्छ ।

### आत्मविश्वास र मानसिक तयारी

एसईई जस्तो महत्वपूर्ण परीक्षामा सफलता प्राप्त गर्नका लागि मानसिक तयारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । तयारीको समयमा तनाव, चिन्ता र मानसिक थकान आउन सक्छ, त्यसैले सकारात्मक सोच राख्नु जरूरी छ ।

आत्मविश्वास र हिम्मत राख्नका लागि विद्यार्थीले नियमित रुपमा ध्यान, योग वा शारीरिक अभ्यास गर्नु उपयुक्त हुन्छ । परीक्षा नजिकिंदै गर्दा दिमागलाई ताजगी र उत्साही बनाउनु महत्वपूर्ण हुन्छ । यसले तपाईंलाई पढ्नका लागि प्रोत्साहित गर्छ र राम्रो परिणाम प्राप्त गर्न सहयोग पुर्‍याउँछ ।

### अध्ययनको दौरान सन्देश र उत्प्रेरणा

पढाइको दौरानमा उत्प्रेरित रहन महत्वपूर्ण हुन्छ । विद्यार्थीले कुनै पनि चुनौतीलाई सामना गर्दा राम्रो सोच राख्नुपर्छ । यदि परीक्षाको कठिनाइले दबाब दिन थाल्यो भने सोच्नुपर्छ- यो तपाईंको भविष्यका लागि कति ठूलो अवसर हो ।

एसईई जस्तो महत्वपूर्ण परीक्षा जसले तपाईंको जीवनमा नयाँ मार्ग खोल्न सक्छ, त्यसको तयारी गर्नु भनेको भविष्यका लागि सही कदम चाल्नु हो । आफ्ना लक्ष्य र उद्देश्य स्पष्ट राख्नुपर्छ- गन्तव्यतर्फको यात्रा सस्तो र सहज छैन तर यही मिहिनेत र परिश्रमले सफलता दिलाउनेछ ।

### स्वस्थ जीवनशैली अपनाउनुपर्छ

पढाइको समयमा स्वास्थ्यको पनि ध्यान राख्नु आवश्यक हुन्छ। यदि तपाईं शारीरिक र मानसिक रुपमा स्वस्थ हुनुहुन्छ भने मात्र राम्रो अध्ययन र नतिजा प्राप्त गर्न सक्षम हुनुहुन्छ । रातभरको जागरण र तनावको अवस्थामा अध्ययन गर्नुहुँदैन ।

स्वस्थ खाना, पर्याप्त निद्राको महत्व बुझ्नुपर्छ र नियमित शारीरिक गतिविधि गर्नुपर्छ । तपाईंको शरीर र मस्तिष्कले ताजगी र ऊर्जा प्राप्त गर्दा अध्ययन गर्नका लागि पनि तपाईंको क्षमता बढ्छ ।

### शिक्षक र साथीहरूको सहयोग लिनुपर्छ

शिक्षक र साथीहरूको सहयोग लिनु पनि महत्वपूर्ण हुन्छ । यदि तपाईं कुनै विषयमा गम्भीर समस्यामा हुनुहुन्छ भने आफ्नो शिक्षकसँग सहयोग माग्न सक्नुहुन्छ । यसले बुझाइको स्तर सुधार्न मद्दत पुर्‍याउँछ ।

साथीहरूसँग मिलेर अध्ययन गर्दा पनि राम्रो अनुभव हुनेछ । सामूहिक अध्ययनले ज्ञानको आदानप्रदान गर्ने अवसर दिन्छ र द्विविधा समाधान गर्न पनि सजिलो हुन्छ । त्यसैले एकअर्काको सहयोगमा तयारी गर्दा अध्ययन प्रभावकारी बनाउँछ ।

परीक्षामा सफलता प्राप्त गर्नका लागि आत्मविश्वासको महत्व अत्यधिक हुन्छ । आफूमा विश्वास राख्न र कठिनाइलाई अवसरको रूपमा हेर्नुपर्छ । यदि तपाईंले नियमित रूपमा मिहिनेत र अभ्यास गर्नुभयो भने कुनै पनि चुनौतीलाई पार गर्न सक्षम हुनुहुनेछ। परीक्षा डर होइन, अवसर हो जसले भविष्यका लागि नयाँ दिशा देखाउँछ । आत्मविश्वास राख्नुपर्छ र आफ्नो क्षमतामा विश्वास गर्नुपर्छ । आफूलाई विश्वास गरेर अघि बढ्दा नै सफलता पाउने कुरा सुनिश्चित हुनेछ ।

एसईई परीक्षाको तयारी केवल किताब पढेर मात्र सम्भव हुँदैन । यो सही योजना, अनुशासन र निरन्तर अभ्यासको संयोजन हो । आत्मविश्वास बढाउन, समय व्यवस्थापन गर्न र पुराना प्रश्नपत्रहरु मार्फत अभ्यास गर्नुपर्छ । साथै, शारीरिक तथा मानसिक स्वास्थ्यको ख्याल राख्दै, तनावमुक्त भएर पढाइमा ध्यान केन्द्रित गर्न सक्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सफलता मिहिनेत र सही तरिकाको नतिजा हो । त्यसैले धैर्य, लगनशील र सकारात्मक सोँच राख्दै तयारी गर्नु नै सफलता प्राप्त गर्ने मुख्य उपाय हो । आफूमा आत्मविश्वास राख्दै सबै विषयको समान ध्यान राख्नुपर्छ र नियमित अभ्यास गर्दै तयारी गर्नुपर्छ ।

जतिसुकै कठिन र चुनौतीपूर्ण भए पनि मिहिनेत र उद्देश्यले नै तपाईंलाई सफलता दिलाउनेछ । सपना देख्नुपर्छ, मिहिनेत गर्नुपर्छ र आफ्नो लक्ष्य प्राप्त गर्नुपर्छ भन्ने सोच राख्दै एसईई तयारीमा जुट्नुभयो भने अवश्य पनि उत्कृष्ट परिणाम प्राप्त हुनेछ । *(स्रोत: अनलाईनखबर)*

# आध्यात्मिक पर्यटनको धरोहर लुम्बिनी

✍ सुरज घिमिरे

हालै मात्र अमेरिकाको प्रतिष्ठित पत्रिका ‘दि न्युयोर्क टाइम्स’ले सन् २०२५ का लागि घुम्नलायक विश्वका ५२ गन्तव्यमध्ये लुम्बिनीलाई नवौँ स्थानमा समावेश गरेबाट लुम्बिनी फेरि एकपटक विश्व समुदायमा चासोको विषय बनेको छ । यही मौकामा बुद्धको जन्मस्थल लुम्बिनी पर्यटनका निम्ति महत्वपूर्ण गन्तव्य स्थल हो भन्ने कुरालाई नेपाल पर्यटन बोर्ड, लुम्बिनी विकास कोषलगायत नेपाल सरकारले प्राथमिकता दिएर प्रचारप्रसार गर्नु आवश्यक छ । नेपालले लुम्बिनीको ब्रन्डिङको विषयलाई जोडतोडका साथ अगाडि बढाउने हो भने नेपालको धार्मिक, सांस्कृतिक एवम् आध्यात्मिक पर्यटन प्रवर्द्धनका निम्ति लुम्बिनी कोसेढुंगा साबित हुन सक्छ ।

त्यसो त लुम्बिनीलाई सन् १९९७ मा युनेस्कोले विश्वसम्पदा सूचीमा समावेश गरिसकेको थियो । त्यसबाट पनि लुम्बिनी नेपालको लागि मात्र होइन, विश्व समुदायकै लागि महत्वको विषय हो भन्ने कुरा प्रस्ट भएकै हो । त्यतिमात्र होइन, इसापूर्व तेस्रो शताब्दीमा सम्राट् अशोकले आएर यहाँ स्तम्भ नै खडा गरिदिएका थिए । लुम्बिनी महत्वको विषय नहुँदो हो त तत्कालीन समयमा यातायातको कठिन अवस्था रहँदा पनि सम्राट् अशोक लुम्बिनी आउनुले यसको गरिमा र महत्व अनुमान गर्न सकिन्छ ।

स्वयम् बुद्धले नै लुम्बिनी चार प्रमुख धार्मिक स्थल (लुम्बिनी, बोधगया, सारनाथ र कुशीनगर) मध्ये एक हो र मानिस आफ्नो जीवनमा कम्तीमा एकपटक भए पनि लुम्बिनी पुग्नुपर्छ, जसबाट उसले अनित्यताको बोध गर्न सक्छ भन्ने सन्देश ‘महापरिनिर्वाण सुत्त’मा भनेका छन् । यसबाट पनि लुम्बिनीको ऐतिहासिकता र आध्यात्मिकताबारे प्रस्ट हुन्छ ।

आजभन्दा करिब २६ सय वर्षअघि



लुम्बिनीमै भएको थियो, राजकुमार सिद्धार्थको जन्म, जो पछि गएर बुद्ध बने । त्यसैले लुम्बिनी ऐतिहासिक क्षेत्र हो । यहाँ विभिन्न ऐतिहासिक एवम् पुरातात्विक महत्वका सम्पदाहरू छन् । लुम्बिनीमै जन्मिएका बुद्धले संसारलाई शान्ति र खुसी मात्रै होइन, मुक्तिको बाटोसमेत देखाइदिए । शील र समाधिमार्फत प्रज्ञा लाभ गर्न सकिने संयक् मार्गले दुःख निरोध गर्न सक्छ भन्ने सार बताए, जुन बौद्ध दर्शनको मूल हो । लुम्बिनीमा ध्यानका निम्ति केवल बौद्धमार्गीहरू मात्र आउँदैनन्, अपितु अध्यात्ममा जागरण भएका जोकोही लुम्बिनी आउने गर्छन् । यस हिसाबले लुम्बिनी अध्यात्मको केन्द्र पनि हो । विपश्यना ध्यान केन्द्रका कारण मात्र होइन, लुम्बिनी क्षेत्रमा प्रवेश गर्ने सबैजसोले यहाँको परिवेशसँग साक्षात्कार गर्दा अध्यात्मको अनुभूति गर्न पाउँछन् ।

लुम्बिनी ऐतिहासिक एवम् पुरातात्वक वस्तुहरुका निम्ति महत्वपूर्ण क्षेत्र त हो नै, तर यो अध्यात्म र शान्तिको संगम पनि हो । मायादेवी मन्दिर, पुष्करिणी पोखरी, अशोक स्तम्भ, शान्तिद्वीप, लुम्बिनी बगैँचा, विभिन्न देशले निर्माण गरेका स्तूप तथा विहार र लुम्बिनी ग्राम लुम्बिनीका मुख्य आकर्षणहरु हुन् । यहाँ रहेका विभिन्न मुलुकका स्तूप तथा विहारमा मनाइने विभिन्न बौद्ध चार्डपर्व र उत्सवहरु पनि बौद्ध पर्यटनका स्रोत हुन् । बेलाबेला गरिने सांस्कृतिक नृत्य एवम् शान्ति उत्सवका कार्यक्रमहरु पनि पर्यटकका लागि आकर्षणका विषय हुन् । लुम्बिनीमा वर्षाको समयमा मनाइने वर्षावास र कठिन चीवर दान उत्सव तथा मनलान पूजालाई हेर्ने हो भने यो समयमा लुम्बिनीमा तिब्बत, चीन, भारतलगायतका देशहरूबाट चीवर धारण गरेका भन्ते र आनीहरूको घुइँचो देख्न सकिन्छ ।

पछिल्लो समय विभिन्न देशका भिन्दाभिन्दै विशेषताका सुन्दर एवम् कलात्मक मन्दिरहरु निर्माण भएबाट लुम्बिनी विविध बौद्ध सम्प्रदायहरूको सांस्कृतिक संगम स्थल बनेको छ । हरेक दिनजसो कुनै न कुनै गुम्बा, विहार, मन्दिर तथा ध्यान केन्द्रहरूमा केही न केही कार्यक्रम भइ नै रहेका हुन्छन् । त्यसले पनि लुम्बिनीलाई पर्यटकका निम्ति आकर्षणको विषय बनाएको छ । हालै मात्र लुम्बिनीमा उद्घाटन गरिएको ‘थाउजेन्ड टेम्पल’ निकै चर्चाको विषय बनेको छ । यसलाई न्युयोर्क टाइम्सले पनि विशेष उल्लेख गरेको छ । महायानी सम्प्रदायको यो मन्दिर निकै चित्ताकर्षक र मनमोहक बनेको छ । विहारभित्र त्रिकाल बुद्धका १६ फिट अग्ला ३ मूल प्रतिमा छन् । मूल प्रतिमासँगै १८ इन्च अग्ला हजार बुद्ध प्रतिमा तथा सात तथागतका मूर्ति छन् । त्यतिमात्र होइन, मन्दिरको माथिल्लो भित्ताका पेन्टिङ कलाको उत्कृष्ट नमुनाको रुपमा परिचित बनेको छ ।

लुम्बिनी र पर्यटनको कुरा गर्दा कपिलवस्तु, देवदह र रामग्राम पनि सँगसँगै आउँछन् । यी क्षेत्रलाई जोडेर लुम्बिनी करिडोरको रुपमा प्रस्तुत गरी पर्यटनका प्याकेजहरू ल्याउने हो भने पर्यटकको बसाइ लम्ब्याउन सकिन्छ । अनि मात्र नेपालले आर्थिक लाभ लिन सक्छ ।

राजकुमार सिद्धार्थको रूपमा बुद्धले २९ वर्ष बिताएको र बुद्धत्व प्राप्तिपछि पनि कैयौँ पटक आएको स्थान कपिलवस्तु प्राचीन शाक्यहरूको राजधानी हो । अहिले यहाँ प्राचीन शाक्य दरबारका भग्नावशेषहरु देख्न सकिन्छ । त्यसकै सरोफेरो गोटिहवा र निग्लिहवा क्रमशः क्रकुच्छन्द र कनकमुनिको जन्मस्थान रहेका क्षेत्र हुन् । त्यसैगरी शुद्धोदनले बुद्धलाई दिएको न्याग्रोराधाम विहार रहेको क्षेत्र पनि कपिलवस्तुमै छ ।

त्यसैगरी रामग्राम र देवदह पनि पर्यटन प्रवर्द्धनका निम्ति प्रमुख स्रोत हुन् । रामग्राम बुद्धको अस्तिधातुसहितको स्तूप रहेको पवित्र स्थान हो । सम्राट् अशोकको पालामा बुद्धको अस्तिधातु रहेका स्तूपहरूबाट अस्तिधातु झिकी ८४ हजार स्तूप निर्माण गरिएको भए पनि रामग्राममा रहेको स्तूप भने सुरक्षित रहको भन्ने कुरा बौद्ध साहित्यहरुमा पाइन्छ । देवदह शाक्यमुनि बुद्धकी आमा मायादेवी, कान्छीआमा प्रजापति र पत्नी यशोधराको माइती गाउँ हो । बुद्धले आफ्नो ज्ञान प्राप्तिको सातौँ वर्षमा आफ्ना सहयोगीका साथ देवदहको भ्रमण गरेको विभिन्न बौद्धग्रन्थमा उल्लेख गरेको पाइन्छ । प्राचीन कोलीय कालखण्डको पाकरी वृक्षसमेत यहाँको भ्रमणबाट अवलोकन गर्न सकिन्छ ।

पछिल्लो तथ्यांकअनुसार विश्वको कुल जनसंख्याको ६.६ प्रतिशत मानिस बौद्ध धर्म मान्छन् । यस हिसाबले बौद्ध धर्मावलम्बीहरूको जनसंख्या करिब ५१

...बाँकी पृष्ठ ३ मा

# ईन्टरनेटको प्रयोगसँगै बालबालिका जोखिममा



समाज संवाददाता

हेटौँडा : प्रविधिको बढ्दो दूरुपयोगले अनलाईनमा बालबालिकाहरु असुरक्षित रहेको बुधबार हेटौंडामा आयोजित एक कार्यक्रमका सहभागीहरुले बताएका छन् । सिविन नेपालद्वारा आयोजित ‘अनलाईनमा बालबालिकाको संरक्षण’ विषयक अन्तरक्रियामा सहभागीले ईन्टरनेटको बढ्दो प्रयोगसँगै बालबालिकाहरु जोखिममा पर्ने गरेको बताएका हुन् ।

कार्यक्रममा सहभागीले एकातर्फ सूचना प्रविधिको प्रयोगबाट बालबालिकालाई शैक्षिक क्रियाकलापसँग जोड्नुपर्ने आवश्यकता बढ्दै गइरहेको र अर्कोतर्फ सूचना प्रविधिको प्रयोगमा होसियारी र निगरानी नहुँदा बढ्दो जोखिमबाट बचाउन सचेतनामूलक कार्यक्रमलाई तीव्र र प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने बताएका छन्। अनलाइनमा हुने जोखिमबाट बालबालिकालाई जोगाउन बालबालिकाले अनलाइनमा गर्ने गतिविधिबारे जानकारी राख्नुपर्ने, सामाजिक सञ्जालको प्रयोग गर्दा हुनसक्ने सम्भावित अनुचित गतिविधिहरुको बारेमा जानकारी राख्नुपर्ने र नियमित निगरानी गर्नुपर्ने साथै बालबालिका एवम् अभिभावकहरुका लागि सुरक्षित ईन्टरनेट चलाउने विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताएका छन् ।

यस्तै बालबालिकालाई ईन्टरनेटको प्रयोग गर्दा त्यसबाट सिर्जना हुनसक्ने विभिन्न खतराबाट सुरक्षित राख्न जरुरी रहेको र उनीहरुलाई सुरक्षित तवरमा ईन्टरनेट चलाउन सिकाउनुपर्ने बताएका छन् । अनलाइनबाट बालबालिकामा हुने यौन दुर्व्यवहारको घटना बढ्दै गएको हुँदा यसमा सबै पक्ष समयमै सचेत हुनुपर्ने उनिहरुले सुझाव दिएका छन्। अनलाईनमा बालबालिकाको संरक्षणका लागि सरकार, शिक्षा क्षेत्र, नियामक क्षेत्रसँगै यो क्षेत्रमा काम गर्ने अन्य संघसंस्थाहरु सबैको सहभागिता आवश्यक रहेको उनिहरुको भनाई थियो ।

कार्यक्रममा सिविन बालहेल्पलाईनका कार्यक्रम फोकल पर्सन माधव लोहनीले अनलाइन बाल यौनशोषणबाट प्रभावित बालबालिकाहरूका लागि पीडित हेरचाह र पुनर्वास सेवाहरूको गुणस्तरलाई सुदृढ पार्नुपर्ने साथै यसका चुनौती र जटिलतासँगै बालबालिकाको सुरक्षा र कल्याणसम्बन्धी सचेतना जगाउँदै सामूहिक प्रतिबद्धता बढाउनुपर्ने बताउनुभयो । उहाँले अनलाईनमा बाल यौनदुर्व्यवहारका घटना बढ्दै गएको उल्लेख गर्नुहुँदै यस विषयमा समयमै सचेत हुनुपर्ने औँल्याउनुभयो। विश्वव्यापी मुद्दाका रुपमा प्रकट भएको यस विषयको न्युनीकरणका लागि सबै पक्षको सकारात्मक प्रयास आवश्यक रहेको उहाँले बताउनुभयो ।

लोहनीका अनुसार नेपाल प्रहरीको साईवर व्युरोमा दर्ता भएका घटनाका आधारमा पनि यस विषयमा समयमै सचेत हुन आवश्यक छ । व्युरोमा आर्थिक वर्ष २०७५/७६ मा साईवर अपराध सम्बन्धी ३५७, आर्थिक वर्ष २०७६/७७ मा २,३०१, आर्थिक वर्ष २०७७/७८ मा ३,९०६, आर्थिक वर्ष २०७८/७९ मा ४,६८६, आर्थिक वर्ष २०७९/८० मा ९,०१३, आर्थिक वर्ष २०८०/८१ मा १९,७३० र २०८१/८२ को हालसम्म ९,९३२ घटना दर्ता भएको बताउनुभयो । साईबर अपराधका घटनादर हरेक वर्ष बढ्दै गएको साथै यी घटनाहरुमा पुरुष भन्दा महिला बढी पीडित रहेको बताउनुभयो ।

कार्यक्रममा सिविन बाल हेल्पलाईन मकवानपुरका प्रबन्धक झविन्द्र ज्ञवालीले बालविवाह, बालश्रम भन्दा पनि अनलाईन बाल शोषणको विषय बढी संवेदनशील र जटिल बन्दै गएकोले यस विषयमा सबै सचेत हुन जरुरी रहेको बताउनुभयो। कार्यक्रमा मकवानपुरका विभिन्न स्थानीय तहका शिक्षा शाखाका प्रमुख एवम् प्रतिनिधि, विद्यालयका शिक्षक एवम् विद्यालय नर्सहरु, सामुदायिक प्रहरी, पत्रकार, ईन्टरनेट प्रदायक संस्थाका प्रमुख एवम् प्रतिनिधिलगायत विभिन्न सरोकारवाला संघ, संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# महेन्द्र माविको अध्यक्षमा लुङ्बा



समाज संवाददाता

हेटौँडा : हेटौँडा-१३ स्थित महेन्द्र माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा अमृत लुङबा चयन हुनुभएको छ । बुधबार बसेको महेन्द्र माध्यमिक विद्यालय व्यवस्थापन समितिको बैठकले अमृत लुङ्बालाई व्यवस्थापन समितिको अध्यक्ष चयन गरेको हो ।

लुङ्बा बागमती प्रदेश खेलकुद विकास परिषद्को सदस्य तथा मकवानपुर जिल्ला फुटबल संघको कोषाध्यक्ष समेत हुनुहुन्छ। लुङ्बा सदस्य मनोनित हुनुभएपछि अध्यक्ष चयन हुनुभएको हो। विद्यालयको अभिभावक भेला गत भदौ ३० गते भएको थियो । लामो समयपछि विद्यालय व्यवस्थापन समितिले पूर्णता पाएको हो। १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा करिब ९ सय जना विद्यार्थी अध्ययनरत छन् ।

# चित्तल ठोक्किएर अटो दुर्घटना, ५ जना घाइते

समाज संवाददाता

हेटौँडा : हेटौँडा-९ मा चित्तल ठोक्किएर अटो अनियन्त्रित भई पल्टँदा ५ जना घाइते भएका छन् । बुधबार बिहान ११ बजेको समयमा पदमपोखरिबाट गुम्बा चोकतर्फ आउँदै गरेको ना २ ह २३६८ नम्बरको अटोमा जंगलबाट आएको चित्तल ठोक्किँदा अटो अनियन्त्रित भई पल्टिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

दुर्घटनामा अटो चालक हेटौँडा-१२ का ४२ वर्षीय नर बहादुर तामाङ, अटोमा सवार ३० वर्षीया बिन्दा स्याङ्तान, २९ वर्षीया रिता स्याङ्तान, ९ वर्षीय रिदिक स्याङ्तान र १४ वर्षीया फरायरी बल घाइते भएका छन्। घाइते सबैको अवस्था सामान्य रहेको र उपचारका लागि हेटौँडा अस्पताल पठाइएको छ । घटना पश्चात चित्तल जंगलतर्फ नै भागेको प्रहरीले जनाएको छ ।

# आज हेटौँडाका विद्यालयमा पठनपाठन नहुने

समाज संवाददाता


हेटौँडा : आज बिहीबार हेटौँडा उपमहानगरपालिकाका विद्यालयमा पठनपाठन नहुने भएको छ। बालमैत्री शासनयुक्त हेटौँडा उपमहानगर घोषणा कार्यक्रम रहेको र उक्त कार्यक्रम सफल पार्नका लागि विद्यालयका शिक्षक तथा कर्मचारी खटिनु पर्ने भएकोले विद्यालयमा एक दिन पठनपाठन बन्द रहने हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले जनाएको छ ।

बुधबार एक सूचना जारी गर्दै हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले पठनपाठन नहुने जनाएको हो। विद्यालयमा पठनपाठन बन्द हुनुका साथै वडा कार्यालय र स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा पनि प्रभावित हुने बताइएको छ । स्वास्थ्यकर्मी, कर्मचारी पनि बालमैत्री पालिका घोषणा गर्ने कार्यक्रममा खटिनुपर्ने भएकोले सेवा सुचारु नहुने उपमहानगर पालिकाले जनाएको छ । फागुन १ गते हेटौँडा उपमहानगरपालिकाको स्थापना दिवस पनि हो ।

# श्यामप्रसाद श्रेष्ठको ‘कठै’ विमोचन हुने

समाज संवाददाता

हेटौडाः हेटौंडा-६, चौघडा निवासी श्यामप्रसाद श्रेष्ठको ‘कठै’ कथा संग्रह विमोचन हुने भएको छ। १३ वटा कथा र १०२ पृष्ठको कथा संग्रह फागुनको दोस्रो साता विमोचन हुने भएको हो ।




समाजको विकृति र विसंगतिलाई उजागर गरेर मानिसको दुःख, पीडालाई कथामार्फत् चित्रण गरिएको कथाकार श्रेष्ठले जानकारी दिनुभयो । कथामा रोदनमात्र नभई हाँसोलाई पनि दर्साएकाले पाठकले रुचाउने उहाँको भनाइ छ। २०१६ सालमा जन्मनुभएका श्रेष्ठले दोस्रो कृतिका रुपमा कठै (कथा संग्रह) बजारमा ल्याउन लाग्नुभएको हो । विमोचन हुने कथा संग्रहको मूल्य ३ सय रुपैयाँ पर्ने श्रेष्ठले बताउनुभयो ।

स्वर्गीय पिता/माता विष्णुप्रसाद श्रेष्ठ र सूर्यमाया श्रेष्ठको कोखबाट जन्मनुभएका श्रेष्ठ साहित्य क्षेत्रमा रुचि राख्नुहुन्छ। यसअघि उहाँको व्यथाभित्रको कथा (लघुकथा संग्रह) २०८० बजारमा आइसकेको छ । श्रेष्ठ मातृभूमि साहित्य समाज मकवानपुरका सदस्य, लघुकथा चौतारी मकवानपुरका सचिव र हेटौंडा-६ स्थित बंशगोपाल माध्यमिक विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षसमेत हुनुहुन्छ ।

# क्यूपेकको आठौं जिल्ला अधिवेशन हुँदै

समाज संवाददाता

हेटौंडाः नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्यूपेक) जिल्ला कमिटी मकवानपुरको आठौं अधिवेशन हुने भएको छ। बुधबार क्यूपेक मकवानपुरका अध्यक्ष प्रल्हाद राईले पत्रकार सम्मेलन गर्दै फागुन २ गते हुने अधिवेशनको बारेमा जानकारी गराउनुभएको हो ।

हेटौंडा-५ स्थित पिप्ले सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा हुने कार्यक्रमको उद्घाटन बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले गर्नुहुने अध्यक्ष राईले बताउनुभयो। अधिवेशनले आगामी ३ वर्षका लागि नयाँ कार्यसमिति चयन गर्नेछ ।

श्रमिकको मर्यादित कामको निमित्त असल जीवन जिउन पुग्ने ज्याला, कामको निरन्तरता (ग्यारेन्टी), श्रमिक परिवारको वर्तमान अवस्था र अवकाश पछिको जीवनको सुरक्षाको व्यवस्थापन राज्यले गर्नुपर्छ भन्ने मान्यताका साथ कार्यक्षेत्रमा खट्दै आएको उहाँले बताउनुभयो। आफूहरुको संघर्षबाट संघीय संसदबाट पास भई नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम एउटा महत्वपूर्ण उपलब्धि भएता पनि स्थानीय सरकारले सो विषयलाई बुझ्न नसकेको उहाँले बताउनुभयो। सो विषयलाई बुझ्न नचाहँदा आम अनौपचारिक क्षेत्रका श्रमिकहरु मर्कामा परिरहेकाले यो विषयलाई मुख्य मुद्दाका रुपमा उठाउँदै आएको उहाँले बताउनुभयो। क्यूपेक मकवानपुरका सचिव बुद्धबहादुर विश्वकर्माले मकवानपुर जिल्लामा श्रमिकको भेटघाटका लागि उचित स्थल नभएको बताउनुभएको छ। उहाँले मजदुर वर्गका लागि दुर्घटना हुँदा औषधि उपचारको व्यवस्था नभएको, काम गर्दा ज्याला नपाउने अवस्थालाई पनि आफूले मूल्याङ्कन गरेको धारणा राख्नुभएको छ ।

## आज दशौं...

घोषणाका लागि तयार पारेका सूचक नै पूर्णता नरहेको बताउनुभयो । कतिपय बालबालिका विद्यालयको पहुँचमा नरहेको र विद्यालयको पहुँचमा रहेका बालबालिका पनि २ घण्टा पैदलयात्रा गरेर विद्यालय जान बाध्य रहेको उहाँले जानकारी दिनुभयो । बाबुआमा पहिचान नभएका बालबालिकाको हकमा जन्मदर्ता बनाउन समस्या रहेको र फरक क्षमता भएका बालबालिकाका लागि विद्यालय पर्याप्त नहुँदा ती बालबालिका विद्यालय नै नगएको अवस्थामा सूचकले पूर्णता पाउन नसक्ने उहाँको भनाइ छ ।

बाल कल्याण समाज मकवानपुरका प्रमुख प्रकाश खतिवडाले बालश्रममुक्त र बालविवाहमुक्त पालिका घोषणालाई तिव्रता दिइरहेको अवस्थामा सञ्चार माध्यममा आएको बालविवाहको कुरुप तस्वीरले गिज्याइरहेको धारणा राख्नुभयो । बाल हेल्पलाइन मकवानपुरका प्रबन्धक झविन्द्र ज्ञवालीले बालमैत्री स्थानीय शासन घोषणा भएका पालिकामा पनि बेरुजुको समस्या आएकाले सरकारको ध्यानाकर्षण हुन जरुरी रहेको औँल्याउनुभयो ।

यसैगरी, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चका प्रमुख अशोक खनालले बालमैत्री स्थानीय शासन अवधारणा, अनुभव र अबको बाटोबारे सहजीकरण गर्नुहुँदै सुदृढ, सक्षम, जवाफदेही स्थानीय शासन पद्दतिमार्फत् बाल अधिकारको सुनिश्चितता गर्न बालमैत्री स्थानीय शासनले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नीतिगत व्यवस्था, स्रोत परिचालन, क्रियाशीलता र लहर, बहुपक्षीय संग्लनताजस्ता अवसर हुन सके पनि राज्य संयन्त्रमा नै प्राथमिकतामा नपर्नु, अपेक्षित संवेदनशीलता नहुनु, झारा टार्नु, आन्तरिकीकरण गर्न नसक्नु, केहीमा घोषणा प्रक्रियामा मात्र हुनुजस्ता समस्या रहेको उहाँले जानकारी दिनुभयो ।

नागरिक संस्थामा परियोजनामा सीमित, समयमा सुझावसहितको सहकार्य नहुनु, हल्ला गर्ने तर डल्ला फोर्न नसक्नु, संस्थागत लक्ष्य नभई परियोजनाले मात्र जोड्दा बालमैत्री स्थानीय शासन घोषणामा समस्या भएको उहाँको धारणा छ । नीति तथा कार्यक्रम र बजेट विनियोजनमा नै समस्या, बालबालिका पछिल्लो प्राथमिकतामा पर्ने वर्ग, संवेदनशीलता र बुझाईको कमी, उपयुक्त र सक्षम पात्रको छनौटजस्ता चुनौतीहरु रहेको उहाँले जानकारी दिनुभयो ।

गत बिहीबार हेटौंडामा सम्पन्न बालमैत्री स्थानीय शासन प्रदेशस्तरीय अनुगमन समिति तथा सम्बद्ध सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो। बागमती प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को आयोजना तथा बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति मञ्च, बाल विकास समाज र वर्ल्ड भिजनको सहकार्यमा कार्यक्रम भएको थियो ।

## आध्यात्मिक...

करोड हुन आउँछ । यो त बौद्ध धर्म मान्नेहरूको संख्या हो । पछिल्लो समय बौद्ध धर्मबारे विश्वमा चासो बढ्दै गएको छ । खासगरी यसलाई दर्शन एवम् मानवधर्मका रूपमा लिइएबाट विश्वका आस्तिक मानिएका मानिससमेत बौद्ध शिक्षाप्रति आकर्षित छन् । यसले पनि लुम्बिनी पर्यटकहरूनिम्ति आकर्षणको केन्द्र बन्न सक्छ ।

बौद्ध शिक्षालाई पूर्वमा धार्मिक एवम् सांस्कृतिक अभ्यासको रूपमा लिँदै गर्दा पश्चिममा भने जीवन ज्युने कलाको रुपमा लिन थालिएको छ । मानव अधिकार, समानता, पर्यावरण संरक्षण, दिगो विकास, पर्याप्त अर्थशास्त्र, खुसी अर्थशास्त्र, ‘इन्गेज बुद्धिजम’, जातीय समानताजस्ता विषयहरुमा बौद्ध शिक्षाको व्यावहारिकतालाई प्राथमिकता दिन थालिएको छ । एसिया, अमेरिका एवम् युरोपका अधिकांश विश्वविद्यालयमा बौद्ध शिक्षाको अध्ययन, अध्यापन र अनुसन्धानको क्रम बढ्दै गएको छ। यस सन्दर्भमा बुद्धको जन्मस्थल लुम्बिनी विश्वका लागि आकर्षणको केन्द्र बन्ने सम्भावना बढ्दै गएको छ ।

पर्यटकको तथ्यांक हेर्ने हो भने गत वर्ष तेस्रो मुलुकबाट १० लाख १४ हजार ८ सय ७४ पर्यटक नेपाल भित्रिएका छन्। यस्तो संख्याले पर्यटनको क्षेत्रमा केही आशा जगाए पनि लुम्बिनी आउने पर्यटकको संख्या भने अत्यन्त न्यून रहेको छ। कुल पर्यटक आगमनमा साढे ७ प्रतिशत हाराहारी मात्रै लुम्बिनी आउने गरेको देखिएको छ। सन् २०२३ मा तेस्रो मुलुकबाट ७६ हजार २ सय १० जना पर्यटक लुम्बिनी आएका छन्। जबकि सन् २०१९ मा १ सय १५ मुलुकबाट गरी १ लाख ७४ हजार १५ जना पर्यटक लुम्बिनी आएका थिए ।

सरकारको चालू बजेट हेर्ने हो भने १६ लाख पर्यटक भित्याउने लक्ष्य लिइएको छ। त्यसैगरी सन् २०२३ देखि २०३३ लाई पर्यटक दशकका रुपमा मनाउने घोषणा पनि गरिएको थियो । यस अवधिमा ३५ लाख पर्यटक भित्याउने सरकारको योजना छ । सरकारको यस्तो महत्वाकांक्षी योजनालाई लुम्बिनीको प्रवर्द्धन र प्रचारप्रसार गर्ने हो भने विश्वमा बौद्ध धर्मको बढ्दो प्रसारणका कारण सहज रूपमा यस्तो लक्ष्य भेट्न सकिने सम्भावना बढ्दै गएको छ।


नेपालले पर्यटनको विकासका निम्ति पर्यटन पूर्वाधारको विकास गर्दै पर्यटन शिक्षा, बजारीकरण र कूटनीतिक पहललाई समेत ध्यान दिनुपर्छ । स्थलमार्ग हुँदै भारतबाट आउने पर्यटकहरू दिनभरि लुम्बिनी घुमेर फर्किने गरेको अभ्यास छ। यसलाई रोक्न र कम्तीमा पनि एक रात पर्यटकलाई यहाँ राख्न लुम्बिनीसँगै कपिलवस्तु, रामग्राम र देवदहको महत्व र गरिमाबारे प्रचारप्रसार गर्नु आवश्यक छ। यसका साथै पर्यटकीय क्षेत्रमा सरसफाइको व्यवस्था, बौद्ध शिक्षाप्रति सचेत टुरिस्ट गाइडको व्यवस्था, पर्यटक सहायता कक्ष आदिको व्यवस्था गर्नु जरुरी छ ।

बौद्ध पर्यटन प्रवर्द्धन गर्न यसलाई दिगो विकाससँग जोड्नु आवश्यक छ । यसो गर्न सके बौद्ध सम्पदाको दीर्घकालीन संरक्षण र आर्थिक लाभ दुवै हासिल गर्न सकिन्छ । बौद्ध धर्मले करुणा, अहिंसा र पर्यावरणीय संरक्षणलाई जोड दिने भएकाले बौद्ध पर्यटनले पनि धार्मिक र सांस्कृतिक मूल्य-मान्यतालाई प्रवर्द्धन गर्दै स्थानीय समुदायको आर्थिक अवस्था सुधार्न र वातावरणीय संरक्षणमा जोड दिन्छ । लुम्बिनीको सांस्कृतिक पक्षको जगेर्ना गर्दै यसको आध्यात्मिक पक्षलाई उजागर गर्दै जाने हो भने लुम्बिनी पर्यटकका निम्ति उत्कृष्ट गन्तव्य बन्न सक्छ । न्युयोर्क टाइम्सले आफ्नो नवौं स्थानको सूचीमा लुम्बिनीलाई घुम्नुपर्ने गन्तव्य स्थलका रूपमा राखेबाट नेपालको पर्यटन प्रवर्द्धनमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । तर, यसका निम्ति पर्यटन पूर्वाधारको विकास गर्दै यसलाई थप प्रवर्द्धन गर्न उचित योजना, स्थानीय सहभागिता र अन्तर्राष्ट्रिय सहयोगलाई समेत प्रवर्धन गर्नु जरुरी देखिन्छ ।


## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**

**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## सूचना । सूचना । सूचना ।

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाख्रामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाख्राहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाख्रामा विषाणुको कारणले लाग्ने महामारी रोग हो । यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठुलो आर्थिक क्षति हुने भएकाले यस रोग बिरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट**: परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाख्रालाई खोप लगाउनुहुन अनुरोध छ ।

**थप जानकारीका लागि**

**पशु सेवा कार्यालय, मकवानपुर**

**९८५५०२७७२९, ९८४५६७४१८२**

### प्रधानमन्त्री कप क्रिकेट छनौट प्रतियोगिता

# मकवानपुरगढीलाई क्यान-११ ले हरायो




समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हुप्रचौरमा जारी प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा क्रिकेट एकेडेमी मकवानपुर (क्यान-११) ले जीत निकालेको छ । मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा जारी खेलको दोस्रो दिनको प्रतियोगितामा मकवानपुरगढीलाई १ सय ८ रनले पराजित गर्दै क्यान-११ विजयी भएको हो ।

बुधबार भएको पहिलो खेलमा टस जितेर पहिल ब्याटिङ गरेको क्यान-११ को टिमले निर्धारित २५ ओभरमा ६ विकेटको क्षतिमा २ सय ४४ रन बनाएको थियो । मिथिलेश गुप्ताले सर्वाधिक १ सय २ रन बनाउँदै मकवानपुरगढी विरुद्ध शतक प्रहार गरेका थिए। अनुराग बर्तौलाले २९ रन, आयुष गुप्ताले २६ रन र अनिल पाण्डेले १४ रन बनाएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको मकवानपुरगढीले निर्धारित २५ ओभरमा १ सय ३६ रन बनाउँदै सबै विकेट गुमाएको थियो । विनम्र अधिकारीले सर्वाधिक २६ रन बनाएका थिए । रितेश अधिकारीले २३ रन, उत्सर्ग लामिछानेले १४ रन, सविन पाण्डेले १२ रन र विपिन भण्डारीले ६ रन बनाएका थिए। क्यान-११ का रविन शर्मा, प्रशान्त कार्की र ओमप्रकाश रामले समान २/२ विकेट लिएका थिए। खेलको म्यान अफ द म्याच शतक प्रहार गर्ने क्यान-११ का मिथिलेश गुप्ता घोषित भएका छन् ।

यस्तै, बुधबारै भएको दोस्रो खेलमा न्यू मर्निङ क्रिकेट क्लबले जीत निकालेको छ । कमाने क्रिकेट क्लबसँगको प्रतिस्पर्धात्मक प्रतियोगितामा न्यू मर्निङको टिमले डिएल मेथोडको नियम अनुसार जीत दर्ता गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको न्यू मर्निङको टिमले निर्धारित २५ ओभरमा ५ विकेट गुमाउँदै १ सय १२ रन बनाएको थियो । न्यू मर्निङका युविन बुढाथोकीले सर्वाधिक ५६ रन बनाएका थिए । यस्तै, प्रजयराज रिजालले १४ रन बनाएका छन्। बलिङतर्फ समीर चौलागाईं र रोशन यादवले समान २/२ विकेट लिएका थिए ।

जवाफी ब्याटिङमा उत्रिएको कमाने क्रिकेट क्लबले २३ ओभरमा ७ विकेट गुमाउँदै ९३ रन मात्र बनाउन सफल भएको थियो । न्यू मर्निङ डिएल मेथोडअनुसार विजयी भएको हो । बलिङतर्फ विपुल खनालले सर्वाधिक ३ विकेट लिएका थिए। विकास सेञ्चुरी र निश्चल रोक्काले समान २/२ विकेट लिएका थिए ।

लिग कम नकआउट प्रणालीमा सञ्चालन भइरहेको प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक संजोग पोखरेलले जानकारी दिनुभएको छ। नेपाल क्रिकेट संघ (क्यान) को वार्षिक क्यालेण्डरअनुसार हुन लागेको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा मकवानपुरका खेलाडीहरु सहभागी गराउन छनोट प्रतियोगिता आयोजना गरेको उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागी भएका खेलाडीहरुमध्ये पहिलो चरणमा १८ जना खेलाडी छनोट गरेपछि १४ जनालाई प्रारम्भिक सूचीमा राख्ने उहाँले बताउनुभयो। छनोट प्रतियोगिता फागुन ४ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान, सर्वोकृष्ट बलरलाई पनि ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

# हेटौंडामा खुल्यो आर्चरी सेन्टर



समाज संवाददाता

हेटौंडामै पहिलो आर्चरी सेन्टर खुल्यो

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा पनि आर्चरी सेन्टर सञ्चालनमा आएको छ। हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ मा पहिलो पटक आर्चरी सेन्टर सञ्चालनमा ल्याइएको हो ।

गत माघ २६ गतेबाट हेटौंडा आर्चरी सेन्टरको नाममा सेवा सुरुवात भएको सेन्टरका सञ्चालक राजेश ढुंगानाले जानकारी दिनुभएको छ। आर्चरी खेलका बारेमा पवन अधिकारी र महेशकुमार थापा क्षेत्रीले प्रशिक्षण दिनुहुने सञ्चालक ढुंगानाले बताउनुभयो । प्रशिक्षक थापा, नारायण प्रसाद भट्टराई र अधिकारीसँगको पार्टनरसीपमा आफूहरुले हेटौंडामा पहिलो आर्चरी सेन्टर सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो ।

आर्चरी सेन्टर सञ्चालनका लागि करिब २५ लाख रुपैयाँ खर्च भएको उहाँले बताउनुभयो । सेन्टरमा दैनिक १५ देखि २० जना मानिस आर्चरीको अभ्यास गर्न आउने गरेको उहाँले बताउनुभयो । सेन्टरमा आउने ग्राहकको सुविधाका लागि काठमाडौंमा भन्दा ५० प्रतिशत छुट दिइएको उहाँले बताउनुभयो । आर्चरी खेल १० वर्षदेखि अधिक उमेर समूहका महिला तथा पुरुष खेलाडीहरुले खेल्नसक्ने उहाँले बताउनुभयो । काठमाडौंमा मात्रै आर्चरी सेन्टर सञ्चालन भएकाले यसको प्रवर्द्धन गर्न हेटौंडामा पनि सञ्चालन गरेको उहाँले बताउनुभयो ।

बिहान ७ बजेदेखि ८ बजेसम्म सञ्चालन हुने आर्चरी सेन्टरमा आउने सेवाग्राहीलाई आधा घण्टाको ३ सय रुपैयाँ र एक घण्टाको ५ सय रुपैयाँ शुल्क लिएर अभ्यास गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । फुटसल, फुटबल, स्केटिङ खेलमा जस्तै आर्चरी खेलप्रति आकर्षण बढाउन सेन्टर सञ्चालनमा ल्याइएको सञ्चालक ढुंगानाले बताउनुभयो। खेलको विकास हुँदै गएर भविष्यमा खेलाडी तयार भए राष्ट्रिय स्तरका प्रतियोगितामा पनि सहभागी गराउने लक्ष्य लिएको उहाँले स्पष्ट पार्नुभयो । मकवानपुरमा आर्चरी खेलको आधिकारिक संघसंस्था दर्ता नभएको भन्दै उहाँले हेटौंडामा आर्चरी खेलको प्रवर्द्धन गर्ने योजना रहेको बताउनुभयो ।

मासिक तथा वार्षिकरुपमा विभिन्न दरहरु राखेर आर्चरी खेल अभ्यासमा आवद्ध गराउन प्रोत्साहन गरिने उहाँले बताउनुभयो। अभ्यास गर्न आउने ग्राहकहरुले चिया, कफी र चिसो पेयपदार्थको सुविधा पाउने उहाँले बताउनुभयो । भविष्यमा आर्चरी खेलप्रति मानिसहरुको आकर्षण बढेमा नगरस्तरीय तथा जिल्लास्तरीय प्रतियोगितासमेत आयोजना गर्ने योजना रहेको उहाँको भनाइ छ। विद्यालयस्तरका बालबालिकालाई यस खेलमा सहभागी गराउँदै मनोरञ्जनात्मक रुपमा रुचि तथा इच्छा बढाइने उहाँले बताउनुभयो। सेफ्टी मेटेरियलको सुविधासहित चेष्ट गार्ड, हेण्ड गार्ड, फिङ्गर ट्याग, आम गार्डको व्यवस्था गरिएको उहाँको भनाइ छ ।

# हेटौंडामै कानूनको स्नातक पढ्न पाइने

समाज संवाददाता

हेटौंडाः हेटौंडामै कानून विषयको स्नातक तह अध्ययन गर्न पाउने भएको छ। ६ वर्षअघि कक्षा ११ मा कानून विषय पठनपाठन सुरु गरेको हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा हेटौंडा उपमहानगरपालिकाको अग्रसरतामा सिद्धार्थ ल क्याम्पस स्थापना भएसँगै कानून विषयको स्नातक तह हेटौंडामै पढ्न पाउने भएको हो ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर सिद्धार्थ ल क्याम्पस स्थापना गरिन लागेको हो । सिद्धार्थ ल क्याम्पसले भोलि शुक्रबार कानूनमा स्नातक तह अध्ययन गर्न चाहने विद्यार्थीका लागि अभिमुखीकरण कार्यक्रम राखेको छ । स्नातक तहको पठनपाठन हुने भनिएपछि आवश्यक तयारी र प्रचारप्रसार गरिएको सिद्धार्थ ल क्याम्पसका अधिकारीले जनाएका छन् । ६० जना विद्यार्थी पढाउन पाउने गरी सम्बन्धनको अन्तिम चरणमा रहेको सिद्धार्थ ल क्याम्पसमा पहिलो वर्ष ३० भन्दा बढी विद्यार्थी भर्ना हुने अनुमान गरिएको क्याम्पस प्रशासनले जनाएको छ।

स्नातक तहको अध्यापनका लागि जनशक्ति व्यवस्थापनको कार्य भइसकेको छ। हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको उपस्थितिमा शुक्रबार अभिमुखीकरण कार्यक्रम हुनेछ। अभिमुखीकरण कार्यक्रम प्रवेश परीक्षा केन्द्रित पनि हुनेछ। ६ वर्षदेखि कक्षा ११ र १२ मा कानून विषय अध्यापन गरेको सिद्धार्थ माध्यमिक विद्यालयमै स्नातक तहको कार्यक्रम पनि सुरु गर्दा विद्यार्थीका लागि पनि सहज हुने दावी गरिएको छ ।

सिद्धार्थ ल क्याम्पसका प्रमुख मोहनप्रसाद शर्माले सम्बन्धनको प्रक्रिया अन्तिम चरणमा भएसँगै अभिमुखीकरण कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो। सबैको साथ र सहयोगमा स्नातक तहको कार्यक्रम सञ्चालनका लागि आवश्यक तयारी अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो। अभिमुखीकरणपश्चात् एक हप्ताभित्र प्रवेश परीक्षा लिने क्याम्पस प्रमुख शर्माले जानकारी दिनुभयो। सिद्धार्थ माविमा अहिले कक्षा ११ र १२ मा कानुन विषय पढ्ने ८५ जना विद्यार्थी छन् ।

**आदरणीय वडावासीहरुमा जानकारीका लागि अनुरोध**

नेपालको सविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था भएको स्थानीय सरकार सञ्चालन ऐन, २००४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न। गराउनका लागि यो वडा तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर-किशोरीहरुले विवाह गरे गराएका दुबै पक्ष कानुन बमोजिम दण्डनीय भई उक्त २० वर्ष मुनिको विवाह दर्ता नहुने र स्वतः बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनका लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ वर्ष मुनिका बालबलिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै मोटर ग्यारेज, होटेल, गिट्टी बलुवा ढुवानी आदि) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठानपाठन कार्यमा संलग्न गर्न, गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए गरेमा कानुन बमोजिम भई जाने व्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी, वडाध्यक्ष
एवम् १९ नम्बर कार्यालय
हेटौंडा उपमहानगरपालिका

# आज बागमती गाउँपालिकामा सार्वजनिक विदा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकामा आज बिहीबार सार्वजनिक विदा दिइने भएको छ। माओवादी जनयुद्ध दिवसको अवसरमा गाउँपालिकाले सार्वजनिक विदा दिने भएको हो ।

गाउँपालिकाका अध्यक्ष सर्केश घलानले सूचना जारी गर्नुहुँदै फागुन १ गते बिहीबार गाउँपालिकामा सार्वजनिक विदा दिने निर्णय गरेको जानकारी दिनुभएको छ। बुधबार बसेको गाउँपालिकाको बैठकले जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदाको निर्णय गरेको उहाँले बताउनुभयो ।

उक्त दिन गाउँपालिका अन्तर्गतको वडा कार्यालयहरु, शैक्षिक संस्था, स्वास्थ्य चौकीलगायत संघसंस्थाहरु बन्द रहनेछन् । सार्वजनिक विदाका दिन अत्यावश्यक सेवा भने सञ्चालन हुने उहाँको भनाइ छ ।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको रत्ननगर नगरपालिका-५, जनकल्याणचोकमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मंगलबार राती १० बजेको समयमा भित्री सडकखण्डमा बछौलीबाट झुवानीतर्फ जाँदै गरेको बा प्र ०३-००२ प ५५०३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक रत्ननगर नगरपालिका-५ का २८ वर्षीय आलोक महत्तोको मृत्यु भएको हो । दुर्घटनामा परी गम्भीर घाइते भएका आलोकलाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएको थियो। उपचारको क्रममा राती १० बजेर ३५ मिनेटको समयमा महत्तोलाई डाक्टरले मृत्यु घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# हेटौंडा सिटी कलेजको वार्षिक खेलकुद सुरु, दौडमा खान प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेस्थित हेटौंडा सिटी कलेजको वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ। बुधबार बिहान दौडबाट सुरु भएको प्रतियोगिताको उद्घाटन जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले गर्नुभयो ।

हेटौंडा-१०, बुद्धचोकबाट सुरु भएको दौडमा कक्षा-११ का अजित खान प्रथम भएका छन् । उनले बुद्धचोकबाट कलेज गेटसम्मको दौड ११ मिनेटमा पूरा गर्दै प्रथम भएका हुन् । १४ मिनेट २० सेकेन्डमा दौड पूरा गरेर कक्षा-११ का रोशन चौधरी द्वितीय भएका छन् भने १४ मिनेट २५ सेकेन्डमा दौड पूरा गर्दै मधुसुदन अर्जेल तृतीय भएका छन् ।

दौड प्रतियोगितामा कक्षा-११ देखि स्नातक तहसम्मका २३ जना विद्यार्थीको सहभागिता रहेको कलेजका प्रिन्सीपल श्रीबहादुर कार्कीले जानकारी दिनुभएको छ । फागुन ३ गतेसम्म सञ्चालन हुने कलेजको वार्षिक खेलकुद कार्यक्रममा ३ सय जना विद्यार्थीको सहभागिता रहेको प्रिन्सीपल कार्कीले बताउनुभयो। खेलकुद प्रतियोगिता अन्तर्गत रिले दौड, विस्तारै स्कूटर चलाउने प्रतियोगिता लगायतका खेलहरु सम्पन्न भइसकेको उहाँले बताउनुभयो ।

वार्षिक खेलकुदमा भलिबल, ब्याड्मिन्टन, फुटबल, क्रिकेट, इ-फुटबल, डोरी तान्ने, हाजिरीजवाफ लगायत खेलहरु सञ्चालन हुनेछन्। हेटौंडा सिटी कलेजकी संस्थापक रमिता पाण्डेको सभाध्यक्षमा भएको उद्घाटन कार्यक्रममा ५ नम्बर वडाका वडाध्यक्ष सुशील घिमिरेको विशिष्ट आतिथ्य रहेको थियो ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**VACANCY ANNOUNCEMENT**

MIHM
MEGHA INSTITUTE OF HOTEL MANAGEMENT
The art of meeting your highest expectations

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time

**About Us:**
*Megha Institute of Hotel Management is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*

**Requirements:**
- Minimum +2 levels completed (Priority for Hotel Management graduates).
- Proficiency in MS-Word, Excel, and Photoshop.
- Strong communication skills in both Nepali and English.
- Basic accounting knowledge (billing, record-keeping, cash handling).
- Pleasant personality with a customer-friendly attitude.

**Responsibilities:**
- Greet and assist students, visitors, and staff.
- Handle phone calls, emails, and inquiries professionally.
- Maintain student records, registrations, and course schedules.
- Perform basic accounting tasks (fee collection, record maintenance).
- Assist in preparing promotional materials using Photoshop.
- Support the management team in daily administrative tasks.

**Benefits:**
- Attractive salary based on experience.
- Professional growth opportunities.

**How to Apply:** Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph. **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042
**Join us and be a part of a dynamic hospitality training institute!**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ